छविसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

नेपाल सम्वत् : ११४६

प.सं:२०८२।०८३
च.नं:

मिति: २०८३।०१।०३

## विषय : गणक पदपूर्ति सम्बन्धी सूचना ।
## दोस्रो पटक प्रकाशित मिति २०८३।०१।०३

उपरोक्त सम्बन्धमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार काठमाण्डौको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस छविसपाथिभेरा गाउँपालिकामा हस्तान्तरण भएको सशर्त अनुदान अन्तर्गत गरिब परिवार पहिचान एवं व्यवस्थापन सूचना प्रणालीमा (Poor Household Management Infomation-PHMIS) यस गाउँपालिकाको सम्पूर्ण गरिब परिवारको तथ्याङ्क संकलन गर्नका लागि गरिब परिवार परिचरयपत्र वितरण कार्यविधि २०७९ को अधिनमा रही देहाय वमोजिमको योग्यता पुगेका छविसपाथिभेरा गाउँपालिका भित्रका ईच्छुक नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं | विज्ञापन नं. | पद | माग संख्या | विज्ञापनको किसिम | सेवा अवधी | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०४।२०८२।०८३ | तथ्याङ्क संकलन कर्ता गणक | ४ जना | खुल्ला | तथ्याङ्क संङ्कलन | रु. १००।- |

१. आवेदन फारम : छविसपाथिभेरा गाउँपालिकाको कार्यालय बाट प्राप्त गर्न सकिने छ ।

२. आवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

क) व्यक्तिगत निवदेन ।

ख) नेपाली नागरिकताको प्रतिलिपि ।

ग) पासपोर्ट साईजको फोटो थान-२

घ) न्यूनतम् शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि ।

३. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा १०+२ वा प्रविणता प्रमाणपत्र तह उतिर्ण भएको ।

४. परीक्षार्थीमा हुनु पर्ने क्षमता : कम्प्युटर सफ्टवयर चलाउन जान्ने, मोबाईलमा युनिकोड टाइप गर्न सक्ने एन्ड्रोइड फोन भएको र गाउँपालिकामा स्थायी बसोवास भएको ।

५. उमेरको हद : १८ वर्ष पुरा भई ३५ वर्ष नघाघेको हुनुपर्नेछ । साथै महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष नघाघेको हुनुपर्नेछ ।

६.कार्यक्षेत्र : छविसपाथिभेरा गाउँपालिकाका ७ वटै वडाहरुमा ।

७. सेवा सुविधा : प्रति घरधुरी तथ्याङ्क संकलन गरे वापत रु.८५।- सञ्चार खर्च एकमुष्ठ रु ७००।- र तथ्याङ्क संकलन भएको दिनको यातायात तथा खाजा खर्च वापत रु २००।- उपलब्ध गराईनेछ ।

८. परीक्षाको किसिम : कम्प्युटर तथा सूचीकरण सम्वन्धी सीप परीक्षण र अन्तर्वाता परीक्षामा समावेश हुँदा सबै प्रमाणपत्रहरु सक्कल पेश गर्नुपर्नेछ ।

९. दस्तुर बुझाउने स्थान : यस कार्यालयको राजश्व शाखामा बुझाउँनु पर्नेछ ।

१०. दरखास्त बुझाउँने स्थान : छविसपाथिभेरा गाउँपालिकाको कार्यालय अन्तर्गत प्रशासन, योजना तथा अनुगमन शाखामा बुझाउँनु पर्नेछ । साथै म्याद नाघी आएका दरखास्त माथी कुनैपनि कार्वाही गरिने छैन ।

संजय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत